annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ८० पृष्ठ ८ | काठमाडौं, शनिबार ५ साउन २०८१ | आषाढ शुक्लपक्ष चतुर्दशी, नेपाल संवत् ११४४ | SATURDAY, JULY 20, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

## त्रिशूली घटना :

# न लास भेटियो, न जिउँदो भएको आस

चितवनको सिमलतालस्थित त्रिशूली नदीमा गत असार २८ दुई बस खसेर बेपत्ता भए । दुई बसहरू र तिनमा सवार यात्रु तथा चालक जीवितै रहने सम्भावना अत्यन्तै न्यून छ । परिवारजन र आफन्तले पनि अब जिउँदै होलान् भन्ने आस मारिसकेका छन् । बस खसेको एक साता बढी भइसक्दासमेत अहिलेसम्म सबैको लास भेटिएको छैन । नेताहरू सरकार बनाउनमै व्यस्त रहेको र जनताको पिडामा वास्ता नगरेको पीडितको आरोप छ ।

**क्रान्ति शाह** | *वीरगन्ज*
**अनिल ढकाल** | *चितवन*
**– को रिपोर्ट**

समाचार पृष्ठ २





## ओलीको पक्षमा दुई तिहाइ निश्चित



**अन्नपूर्ण** | *काठमाडौं*

आइतबार प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वासको मत लिँदैछन्। विश्वासको मतको लागि कांग्रेस एमाले सरकारले दुई तिहाइ मत प्राप्त गर्ने भएको छ। विद्यमान प्रतिनिधिसभामा रहेको २ सय ७५ मध्ये प्रधानमन्त्रीको पक्षमा दुई तिहाइ मत प्राप्त हुने निश्चित भएको छ। प्रतिनिधिसभामा नेपाली कांग्रेसको ८८ र एमाले ७९ सिट छ। जसमा एमालेका एक जना सभामुख र एक जना निलम्बित छन्। एमालेको ७७ मत हुन्छ। प्रतिनिधि कांग्रेस र एमालेको १ सय ६५ मत हुन्छ। त्यस्तै, सरकारमा सहभागी भएको जनता समाजवादी पार्टीको ७ र लोसपाको ४ सिट छ। जसपा र लोसपा गरेर १ सय ७४ हुन्छ। उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल र जनमत पार्टीले पनि विश्वासको मत दिने निर्णय गरिसकेका छन्। जसपा नेपालको ५ र जनमतको ६ सिट छ। यो समेत गर्दा १ सय ८४ मत हुन्छ। २ सय ७५ को दुई तिहाइ १ सय ८४ हुन्छ। ओलीले दुई तिहाइ मत पाउने निश्चित भएको छ।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालको विपक्षमा मत हालेको राप्रपाले भने अहिलेसम्म निर्णय गरिसकेको छैन। प्रतिनिधिसभामा राप्रपाको १४ सिट छ। नागरिक उन्मुक्ति पार्टीलगायत साना दल र स्वतन्त्र सांसदको निर्णय पनि आएको छैन। नाउपाको ४, राष्ट्रिय जनमोर्चा, आम जनता पार्टी र नेमकिपाको १/१ सिट छ भने २ स्वतन्त्र सांसद छन्।

### ओली विपक्षमा माओवादी केन्द्र, रास्वपा र नेकपा एस

नेकपा माओवादी केन्द्रसहित प्रतिपक्षी तीन दलले वर्तमान सरकार संविधानको कमजोर जगमा टेकेर बनेको निष्कर्ष निकालेको छ। तीन दलले अहिलेको अवस्थामा कुनै पनि हालतमा प्रधानमन्त्रीलाई विश्वासको मत दिन नसक्ने निष्कर्ष पनि निकालेको छ। सिंहदरबारमा शुक्रबार बसेको माओवादीसहित रास्वपा र नेकपा एकीकृत समाजवादीका नेताहरूको बैठकले ठूला दुई दल कांग्रेस र एमालेको सरकार संविधान जगमा टेकेर बनेको निष्कर्ष निकालेको बैठकपछि माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले जानकारी दिए।

प्रधानमन्त्रीले विश्वासको मत नपाएपछि सरकार संविधानको ७६(३) अनुसार नयाँ सरकार गठन हुनुपर्नेमा संविधानको ७६(२) अनुसार गठन भएकाले यो विषयलाई सदनमा सशक्त रूपमा उठाउने सहमति भएको उनले बताए।

» बाँकी पृष्ठ ६

# पालिका प्रमुख, उपप्रमुखको नाममोह

**शिव उप्रेती** | *गोरखा*

पहिले विकासका संरचना तथा कार्यक्रमहरूमा राजा महाराजाको नाम जोड्ने चलन थियो। महेन्द्र राजमार्ग, वीरेन्द्र सिल्ड प्रतियोगिता आदि। राजतन्त्र समाप्त भयो तर, नामको लोभ समाप्त भएन। मध्यपहाडी लोकमार्गको पुष्पलाल मध्यपहाडी लोकमार्ग, राष्ट्रपति रनिङ सिल्ड, राष्ट्रपति चुरे संरक्षण कार्यक्रम आदि नामकरण भयो।

सार्वजनिक महत्त्वको योजनामा मनमौजी आफ्नो वा आफ्ना नेताको नाम जोड्ने लोभ पालिकाका प्रमुख उपप्रमुखहरूलाई झन् धेरै देखिएको छ। स्थानीय तह गठन भएर पहिलो बजेट तथा नीति कार्यक्रम ल्याएदेखि नै गोरखाका सबै पालिकाले प्रमुख र उपप्रमुखको पद जोडेर कार्यक्रम ल्याउन सुरु गरेका थिए। यसले कटु आलोचना भइरहे पनि पालिका प्रमुख, उपप्रमुखहरूले यसको मोह त्याग्न सकेका छैनन्।

यस वर्ष पनि सबैभन्दा धेरै भीमसेन थापा गाउँपालिकाले प्रमुख उप्रमुखको नाम जोडेर कार्यक्रम ल्याएको छ। सो पालिकाले विशेषगरी शिक्षासम्बन्धी कार्यक्रममा पालिका प्रमुखको पद जोडेको छ।

हालै पास गरिएको नीति तथा कार्यक्रममा गाउँपालिकाका अध्यक्षले ‘अध्यक्ष प्रविधि मैत्री विद्यालय’, ‘पालिका अध्यक्षसँग प्रत्यक्ष विद्यार्थी संवाद’ कार्यक्रम आदि घोषणा गरेका छन्। विज्ञान संकाय अध्ययन गर्न चाहने विपन्न समुदायका विद्यार्थीलाई ‘पालिका प्रमुख विशेष छात्रवृत्ति कार्यक्रम’ र ‘गाउँपालिका अध्यक्ष ज्येष्ठ तथा अशक्त नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रम’ सञ्चालन गर्ने उनले घोषणा गरेका छन्।

चार वटा कार्यक्रमसँग प्रमुखको पद जोडिएको भीमसेन थापामा उपप्रमुखले पनि दुई वटा कार्यक्रममा आफ्नो पद जोडेकी छन्। उनले ‘गाउँपालिका उपाध्यक्ष गर्भवती सुत्केरी पोषण कार्यक्रम’ र ‘गाउँपालिका उपाध्यक्ष नेतृत्व विकास तथा किशोरकिशोरी शिक्षा कार्यक्रम’ घोषणा गरेर नाममोह दर्शाएकी छन्।

- राजतन्त्र समाप्त भयो तर, नामको लोभ समाप्त भएन ।
- सार्वजनिक महत्वका योजनामा आफ्ना नेताको नाम जोड्ने क्रम बढ्दो छ ।

त्यस्तै, गोरखा नगरपालिकाका मेयरले पनि नाममोहलाई अघि बढाएका छन्। हालै अनुमोदन गरिएको नीति तथा कार्यक्रममा ‘नगर प्रमुख छात्रवृत्ति व्यवस्थापन कार्यक्रम’का लागि साढे दुई लाख रुपैयाँ र ‘नगरप्रमुख कल्याणकारी आर्थिक सहायता कोष’ सञ्चालनका लागि १५ लाख रुपैयाँ विनियोजन गरेको छ। यस्तै, ‘नगर उपप्रमुख महिला भलिबल कप २०८१’ कार्यक्रमका लागि पाँच लाख र नगर उपप्रमुखसँग असहाय गर्भवती तथा सुत्केरी सहायता कोष सञ्चालनका लागि आठ लाख विनियोजन गरिएको बजेट वक्तव्यमा उल्लेख छ।

त्यस्तै, पालुङटार नगरपालिकाका मेयर, उपमेयरलाई पनि नाममोह ज्यादा देखिएको छ। उनीहरूले पनि प्रमुख, उपप्रमुखको नाम जोडेर तीन वटा कार्यक्रम अघि सारेका छन्। ‘नगरप्रमुखसँग लोककल्याणकारी किसान कल्याण कोषमार्फत उत्पादनमा आधारित अनुदान कार्यक्रम’ सञ्चालन गर्ने घोषणा गरेको छ। त्यसैगरी ‘नगर उपप्रमुखसँग अभिभावकविहीन अति विपन्न विद्यार्थीलाई शैक्षिक सहायता कार्यक्रम’ र ‘उपप्रमुखसँग सुत्केरी पोषण कार्यक्रम’ भनेर पालुङटार नगरपालिकाले नाममोह दर्शाएको छ।

पालिका प्रमुख, उपप्रमुखको नाम जोडेर आएका कार्यक्रम उपयोगी पनि छन्। राम्रा पनि छन्। तर यस्ता कार्यक्रममा जबर्जस्त नाम जोड्दा कटु आलोचना हुने गरेको छ। आलोचनामुक्त हुन कतिपय पालिका प्रमुख, उपप्रमुखहरूले भने कार्यक्रममा आफ्नो नाम जोड्न छाडिसकेका छन्।

## ‘अस्पतालमा बिरामी अलपत्र नपरून्’

**दिनेश गौतम** | *काठमाडौं*

मुलुकका सरकारी अस्पताल तथा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा बिरामीसहित जाँदा सेवाग्राही अल्मलिन्छन्। भिडभाडमा टिकट काट्नै धौ धौ। न सोधपुछ एवं सहायता कक्ष देखिन्छ, न त गुनासो सुन्ने व्यवस्था नै हुन्छ।

यो समस्या मुलुकका अधिकांश अस्पतालहरूमा छ। कतिपय अस्पतालमा पिउने पानीको अभाव छ। कतिपय अस्पतालका शौचालय पस्नै नसकिने दुर्गन्धित। यो समस्यामा केन्द्रित हुँदै नवनियुक्त स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले शपथग्रहण गरेको तेस्रो दिन संघीय अस्पतालका प्रमुखहरूको बैठक बोलाए।

मन्त्री पौडेलले सेवा प्रवाहलाई चुस्त पार्ने विषयमा छलफलपश्चात् गरेका निर्णयहरू यथाशीघ्र कार्यान्वयन गर्न निर्देशन दिँदै भने, ‘अस्पतालमा बिरामी अलपत्र नपरून्। सेवा नपाएर निराश नहोऊन्।’

» बाँकी पृष्ठ ६

## सरकारलाई एमालेको सुझाव

# निर्वाचन प्रणाली पुनरवलोकनदेखि तीव्र विकाससम्म

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सरकारले तत्काल गर्नुपर्ने काम र आगामी तीन वर्षभित्र गर्ने कामको सूची दिँदै सत्तारूढ दल नेकपा एमालेले नयाँ अभ्यासको सुरुवात गरेको छ। जनताको निराशा चिर्दै सुशासन, विकास निर्माणका काममा तीव्रतासहित दिनुपर्ने एमालेको सुझावमा छ। एमाले महासचिव शंकर पोखरेल नेतृत्वको टोलीले पार्टी अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेट गरी सुझावपत्र बुझाएको छ। आर्थिक शिथिलताको अन्त्य, अर्थतन्त्र चलायमान बनाउँदै उच्च आर्थिक वृद्धि हासिल गर्ने विषय, सेवा प्रवाहमा सहजता र झन्झटिलो प्रशासनिक प्रक्रियालाई अन्त्य गर्नेदेखि सामाजिक न्याय र सुरक्षाका विषयमा सुझाव दिएको छ। राजनीतिक स्थिरतको लागि निर्वाचन प्रणालीमा सुधार गर्नुपर्ने एमालेको सुझाव छ।

सुझावपत्रमा सरकारले तत्कालै चाल्नुपर्ने कदम र आगामी तीन वर्षभित्र गर्ने कामको सूची रहेको छ। सुझावपत्रमा झुलाघाट-चिवाभन्ज्याङ संकल्प यात्राका क्रममा प्राप्त भएका सुझावदेखि जनतामा कायम रहेको निराशा चिर्न तथा आर्थिक क्षेत्रलाई चलायमान बनाउनका लागि सरकारले गर्नुपर्ने कामलाई समेटिएको छ।

कांग्रेससँगको सहमतिपछि अध्यक्ष ओली प्रधानमन्त्रीमा नियुक्त हुनुभन्दा डेढ साताअगावै एमालेले गत असार २१ गते ओली नेतृत्वको सरकारले आगामी तीन वर्षभित्र गर्नुपर्ने कामको विषयमा सुझाव दिन उपमहासचिव प्रदीप ज्ञवालीको संयोजकत्वमा कार्यदल गठन गरेको थियो।



कार्यदलले ३३ वटै विभागसँग सरकारले गर्नुपर्ने कामको विषयमा सुझावसहित प्रतिवेदन मागेको थियो। सोही प्रतिवेदनको आधारमा एमालेले सरकारलाई सुझावपत्र दिएको हो। एमाले उपमहासचिव ज्ञवालीले पार्टीका २८ वटा विभागका सुझाव समेटेर प्रधानमन्त्रीलाई सुझावपत्र बुझाइएको बताए। ज्ञवालीका अनुसार असार २१ गते बसेको पार्टी केन्द्रीय विभागहरूको बैठकले दिएको सुझावका आधारमा प्रधानमन्त्रीलाई १० ठोस कार्यक्रमसहित ३१ बुँदे सुझाव बुझाइएको छ। उक्त बैठकले सात दिनको समय सीमा तोकेर प्रधानमन्त्रीलाई सुझाव दिन विभागहरूलाई निर्देशन दिएको थियो।

प्रतिनिधिमण्डले सुशासन, विकास निर्माणका कामलाई तीव्रता, रोजगारी सिर्जना, अर्थतन्त्र चलायमान बनाउँदै उच्च आर्थिक वृद्धिदर गर्ने विषय, सेवा प्रवाहमा सहजता, जटिल प्रशासनिक प्रक्रियालाई सहज बनाउने लगायत विषयलाई समेटेर सुझाव दिएको छ। के के छन् त सुझाव पत्रमा?

### विकासमा तीव्रता

सुशासन, विकास निर्माणका काममा तीव्रता दिँदै रोजगारी सिजर्ना गर्न सरकारलाई सुझावको छ। उसले आर्थिक शिथिलताको अन्त्य, अर्थतन्त्र चलायमान बनाउँदै उच्च आर्थिक वृद्धि हासिल गर्ने विषयलाई प्राथमिकता दिनुपर्ने बताएको छ। सेवा प्रवाहमा सहजता र झन्झटिलो प्रशासनिक प्रक्रियालाई अन्त्य गर्ने विषय तथा सामाजिक न्याय र सुरक्षाका विषयहरूमा ध्यान दिएर अघि बढ्न सरकारको ध्यानाकर्षण गराएको छ।

### कृषिको व्यवसायीकरण, आधुनिकीकरण

खाद्य सुरक्षाको प्रत्याभूति, नयाँ रोजगारी सिर्जना र आर्थिक वृद्धिका लागि कृषि क्षेत्र सर्वाधिक महत्त्वपूर्ण रहेकाले कृषिको व्यवसायीकरण, आधुनिकीकरण, किसानहरूको हकहितको रक्षा र कृषिमा बहुआयामिक लगानी वृद्धि गर्न विशेष जोड दिइएको छ। एमालेले कृषिको व्यावसायिक विकास गर्न चाहने कृषि उद्यमीहरूको पहिचान तथा तिनीहरूलाई प्रोत्साहन गर्न सरकारलाई सुझाव दिइएको छ।

कृषिको विकाससँगै भूमिको विषय अविभाज्य ढंगले जोडिएको छ। तर नेपालको भूमि समस्या जटिल छ र सही तथा अद्यावधिक तथ्यांकहरू उपलब्ध छैनन्। भूमिहीनहरूको संख्या ठूलो छ। एकीकृत सूचनाको अभावका कारण सार्वजनिक र निजी जमिन बेदखल भइरहेको पनि अवस्था देखिन्छ। गुठीलगायत क्षेत्रमा पुस्तौंदेखि जमिन जोतिरहेकाहरू भूमि अधिकारबाट वञ्चित भएको अवस्था छ। भूमि प्रशासनमा बेथिति तथा अनियमितता व्याप्त देखिन्छ। तसर्थ, भूमि समस्याको दीर्घकालीन, दिगो र तार्किक निष्कर्षसहितको समाधानको विषय नयाँ सरकारको उच्च प्राथमिकतामा परोस् भन्ने सुझाव विशेष गम्भीरताका साथ प्रस्तुत गरिएको छ।

### स्टार्टअप र नवप्रवर्तनलाई प्रोत्साहन

अवसरको अभावका कारणले मात्रै होइन, उद्यमशील सोच र त्यसलाई प्रवर्द्धन गर्ने तदनुरूपको वातावरण निर्माणको अभावले पनि मुलुकमा उद्यमशीलता विकास हुन नसकेको र बेरोजगारी बढेको एमालेको विश्लेषण छ। यसले सबैभन्दा बढी असर युवाहरूलाई परेको र युवाहरूमा बाह्य प्रवासन बढाएको निष्कर्षसहित उद्यमशीलता अभिवृद्धि गर्न विद्यालय र कलेज शिक्षामै यससम्बन्धी विषयहरू समावेश गर्ने एमालेले सुझाएको छ।

» बाँकी पृष्ठ ६